## सूचना २

श्री ५ को सरकारले मिति २०४४।१।६ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिवस्तर), सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका श्री उमानाथ पोखरेललाई निजामती सेवा नियमावली, २०२१ को नियम १०.६(७) को कसुरमा सोही नियमावलीको नियम १०.१(६) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरेको छ।

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव

## सूचना ३

श्री ५ को सरकारले मिति २०४४।१।३१ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ।

| क.सं. | नाम र थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री जीवनाथ रेग्मी | योजना तथा प्रशासकीय अधिकृत, जिल्ला पञ्चायत सचिवालय, सप्तरी। | राजपत्राङ्कित तृतीय श्रेणी, भूमिसुधार मन्त्रालय वा अन्तर्गत कार्यालय। |
| २. | श्री महेन्द्रनारायण मल्लिक | योजना तथा प्रशासकीय अधिकृत, जिल्ला पञ्चायत सचिवालय, सिराहा। | राजपत्राङ्कित तृतीत श्रेणी, स्वास्थ्य मन्त्रालय वा अन्तर्गत कार्यालय। |
| ३. | श्री सोनेलाल राय | योजना तथा प्रशासकीय अधिकृत, जिल्ला पञ्चायत सचिवालय, उदयपुर। | राजपत्राङ्कित तृतीय श्रेणी, संचार मन्त्रालय वा अन्तर्गत कार्यालय। |
| ४. | श्री विन्दुप्रसाद गुरागाई | राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालय-को अतिरिक्त समूह। | राजपत्राङ्कित तृतीय श्रेणी, उद्योग मन्त्रालय वा अन्तर्गत कार्यालय। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०२

| | | | |
|---|---|---|---|
| ५. | श्री रेखबहादुर थापा | सहायक जिल्ला शिक्षा अधिकारी, जिल्ला पञ्चायत सचिवालय शिक्षा शाखा, काठमाडौं । | राजपत्राङ्कित तृतीय श्रेणी, अर्थ मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ६. | श्री रामकुमार राजभण्डारी | शाखा अधिकृत, सीमा प्रशासन शाखा, पशुपतिनगर । | " " |

## सूचना ४

श्री ५ को सरकारले मिति २०४४।१।१० को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका श्री भुवनेश्वर जोशीलाई मालपोत कार्यालय कञ्चनपुरको मालपोत अधिकृत पदबाट शिक्षा तथा संस्कृति मन्त्रालय वा अन्तर्गत कार्यालयको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सरुवा गरेको छ।

## सूचना ५

श्री ५ को सरकारले मिति २०४४।१।२० को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, अन्तःशुल्क कार्यालय, राजविराजका अन्तःशुल्क अधिकृत श्री हरिहरप्रसाद जोशीलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.१(३) बमोजिम श्री ५ को सरकारको सेवाबाट अवकाश दिएको छ।

## सूचना ६

श्री ५ को सरकारले मिति २०४४।२।५ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ।

| क.सं. | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री रेशमबहादुर पाण्डे | राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | राजपत्राङ्कित तृतीय श्रेणी, गृह मन्त्रालय वा अन्तर्गत कार्यालय। |
| २. | श्री गोपाल तिमिल्सिना | शाखा अधिकृत, लोक सेवा आयोग । | राजपत्राङ्कित तृतीय श्रेणी, आपूर्ति मन्त्रालय । |

आज्ञाले,
ज्ञानबहादुर शाक्य
उप-सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
206